# १. मौलिक अधिकार र निर्देशक सिद्धान्त र नागरिकको कर्तव्य



| विषयक्षेत्र | संविधानमा राख्ने | ऐनमा राख्ने | नीति नियममा राख्ने | कार्यक्रममा राख्ने |
|---|---|---|---|---|
| क, शिक्षा | सबै उमेर समुहका व्यक्तिलाई शिक्षाको सुनिश्चिता हुनेछ । विद्यालय तहको शिक्षा अनिवार्य र निशुल्क हुनेछ । मातृभाषामा शिक्षा दिइने छ । राष्ट्रभाषा नेपालीलाई सम्पर्क भाषाको रुपमा स्थापित गरी अनिवार्य रुपमा पठन पाठन गरिने छ । | खुल्ला मोडबाट सबैतहका व्यक्तिलाई शिक्षा दिने व्यवस्था गरिने छ । दलित र अल्पसंख्यकहरुको न्यून शैक्षिक स्तरलाई ध्यानमा राखी उनीहरुको उच्च शिक्षासम्म निशुल्क अध्ययन गर्ने प्रवन्ध मिलाईने छ । आफ्ना छोराछोरी र छोराछोरीलाई शिक्षा नदिने अभिभावकलाई स्थानीय सरकारले चेतनामुलक कार्यक्रम गर्नेछ । दलित तथा जनजातिका परम्परागत ज्ञान र सीपलाई आधुनिकीकरण गर्ने गरी विद्यालय, कलेज र विश्वविद्यालय खोलिनेछ । अभिभावकको आर्थिक अवस्था वर्गीकरण गरी शिक्षा कर लगाईने छ । दृष्टिविहिनका लागि ब्रेललिपि र डेजीको प्रवन्ध गरिनेछ । सुसूचित हने नागरिकको मौलिक हक सुनिश्चित गर्न स्थानीयदेखि | विद्यालय, क्याम्पस, विश्वविद्यालय र गैर–शैक्षिक संस्थाहरु मार्फत् खुल्ला मोडबाट सबै तहका व्यक्तिलाई शिक्षा दिईनेछ । सबै विद्यालयमा खेलकुद शिक्षालाई अनिवार्य गरिनेछ । प्रत्येक प्रान्तमा बहुभाषी विद्यालय, विश्वविद्यालय र अनुसन्धान केन्द्रहरु खोलिनेछ । <br><br> सामाजिक एवं साँस्कृतिक कुरितीहरु जस्तै जातीय छुवाछुत, बोक्सी, छाउपडी, दाइजो जस्ता कुप्रथाहरुको विरुद्ध विद्यालय, कलेज तथा विश्वविद्यालयवाट अभियान चलाइनेछ । सबै प्रान्तमा इ-शिक्षाको प्रवर्द्धन गरिने छ । बहुअपांगता भएका व्यक्तिलाई उनीहरुका स्थिति अनुसार शिक्षाको सुविधा सुनिश्चित गरिने छ । <br><br> राष्ट्रिय स्वाभिमान र राष्ट्रिय भावना अनुरुप शिक्षाको नीति बनाईने छ । प्रत्येक प्रान्तका प्रतिभावान दलित, | शिक्षण–सिकाई प्रक्रियालाई अनिवार्य रुपमा जीविकोपार्जन संग जोडिने छ । परम्परागत शिक्षा र शैक्षणिक प्रविधिलाई आधुनिक शिक्षा र प्रविधिसंग आवद्ध गरिने छ । शैक्षिक क्यालेण्डर लागु गरिने छ । इच्छामुताविक शिक्षा प्राप्त गर्न चाहनेहरुका थप अध्ययनको प्रवन्धगरिनेछ । हिमाली तथा दुर्गम क्षेत्रका सबै गाविसमा माध्यमिक तहसम्म पढाई हुने कम्तिमा एउटा विद्यालय स्थापना गरिने छ । प्रत्येक जिल्लामा अनिवार्य रुपमा कम्तीमा एउटा वहु-प्राविधिक विद्यालय हुनेछ । प्रत्येक राज्य/प्रदेशमा |

| | | | | |
|---|---|---|---|---|
| | | केन्द्रीयस्तरमा सूचनाकेन्द्रहरु स्थापना गनिरेछ ।<br>माध्यमिक तहसम्म सवैलाई सामान्य कानुन, मानवअधिकार, नागरिक शिक्षाको प्रवन्ध गरिने छ ।<br>बीचैमा विद्यालय छोड्नेहरुका लागि वैकल्पिक शिक्षा सुनिश्चित गर्ने नीति लिईने छ ।<br>संस्कृतलाई भाषाको रुपमा हेरी त्यसको ज्ञान एवं सीपको भण्डार उपयोग गर्ने नीति लिइने छ ।<br>सँस्कृति र परम्पराको संरक्षण सहित यसमा भएका भेदभावपूर्ण कुराको उन्मुलन गर्ने अभियान चलाईने छ ।<br>कुनैपनि जाति, वर्ग, भाषा, धर्म, संस्कार, पेशा, परिचय आदिका आधारमा गरिने अपमानजनक संवोधन, संकेत तथा व्यवहारको उन्मुलन गरिने छ । | मधेसी, महिला, जनजातिका लागि सरकारी लगानीमा आवाशीय विद्यालय खोलिनेछ ।<br>ग्रामिण र शहरी शिक्षाको सहसम्वन्ध कायम गरिने छ ।<br>शिक्षालाई रोजगार उन्मुख बनाईने छ ।<br>नीजि तथा सार्वजनिक साझेदारीको रुपमा शिक्षा नीति अवलम्वन गरिने छ ।<br>शिक्षकलाई सुगम तथा दुर्गम क्षेत्रको अनुभव दिने गरि सरुवा प्रथालागु गरिने छ ।<br>संचारका आम साधनहरुको उपयोग गरि सवैलाई नागरिक तथा मानवअधिकार शिक्षा उपलव्ध गराईने छ । | कम्तीमा एउटा विश्वविद्यालय हुनेछ ।<br>जैविक विविधताको अध्ययन, प्रशोधन र व्यवस्थापनको अध्ययन गरिनेछ ।<br>हिमाली जिल्लामा पर्यटन सूचना केन्द्र स्थापना गरिने छ । |
| ख, रोजगारी | योग्य र दक्ष व्यक्तिलाई रोजगारीको सुनिश्चितता गरिने छ ।<br>राजनीतिक नियूक्तीलाई अन्तगरि प्रतिष्पर्धात्मक प्रणाली अवलम्वन गरिएको छ । | रोजगारी प्रवर्द्धन गर्न आवश्यक पर्ने ऐन कानून निर्माण गरी लागु गरिने छ ।<br>नोकरी अवधि २० वर्ष पुगेपछि अनिवार्य अवकासको व्यवस्था गरिनेछ । | रोजगारी प्राप्त व्यक्तिले तिरेको करको १५ प्रतिशत मध्ये ५ प्रतिशत | निजी तथा सरकारी साझेदारी कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| | | श्रमको काय अवधि ८ घण्टा हुनेछ ।<br>युवाहरुलाई दुर्गम क्षेत्रमा काम गर्न प्रोत्साहित गरिने छ ।<br>स्थानीय प्रशासनिक क्षेत्रमा स्थानीयलाई प्राथमिकता दिइनेछ ।<br>कृषिमा व्यवसायिकरण गरी कृषिजन्य रोजगार प्रवर्द्धन गरिने छ ।<br>घरेलु उद्योगबाट रोजगारी पवर्द्धन गर्न विषेश प्रावधान गरिने छ ।<br>स्नातक तह उत्तीर्ण गरेका युवा तथा दुर्गम क्षेत्र र साक्षरताको तह अत्यन्त कम भएका समुदायका माध्यमिक तह उत्तीर्ण गरेका युवालाई व्यवसाय गर्न विना धितो ऋण दिने व्यवस्था मिलाईने छ ।<br>यस्तो ऋण स्थानीय सरकार मार्फत् उपलव्ध गराइने छ ।<br>बेरोजगार यूवाहरुलाई बेरोजगारी भत्ता दिइने छ ।<br>स्थानीय उत्पादनका बस्तुको करको ७५ प्रतिशत स्थानीय उद्योगधन्दामा लगानी गर्नका लागि छुट्टै कोषको व्यवस्था गरिने छ । | कटाई स्वरोजगार कोष बनाईने छ । रेमिटेन्सको १० प्रतिशत रकम स्वरोजगार कोषमा जम्मा गरिने छ ।<br><br>स्थानीय सरकारले वेरोजगारको सूचि बनाई अद्यावधिक गर्नेछ ।<br>साना तथा घरेलु उद्योगलाई सुलभदरमा स्थानीय सरकारमार्फत् ऋण उपलव्ध गराइनेछ ।<br>व्यक्तिलाई आर्थिक आधारमा वर्गीकरण गरी विपन्नलाई रोजगारी सुनिश्चित गरिने छ ।<br><br>स्थानीय तहमा स्वरोजगार कोषको स्थापना गरिने छ ।<br>स्वरोजगारी प्रवर्द्धन गर्न आवश्यक पर्ने बजारको प्रवन्ध संघीय सरकारले मिलाउने छ । | संचालन गरि स्वरोजगार तालिम दिइनेछ । |

| | | | | |
|---|---|---|---|---|
| | | सामुदायिक र सहकारी व्यवसायका लागि दिइने अल्पकालिन ऋणमा ५० प्रतिशत विना व्याज लगानी गर्ने नीति लिइने छ । दुर्गम क्षेत्रमा नया उद्योग तथा कलकारखाना खोल्नेलाई आम्दानीमा कर छुट दिने नीति लिइनेछ । वालश्रम शोषणको अन्त गर्नका लागि तथा सडक वालवालिकाका लागि आवश्यक प्रवन्ध गरिनेछ । | | |
| ग, आधारभूत आवश्यकता | गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा र मनोरन्जनको सुनिश्चित गरिने छ । मानवअधिकारको सुनिश्चितता गरिने छ । महिला, अपाङ्ग, एकलमहिला, दलित, मधेसी र अन्य सिमान्तकृत समुहको उत्थानको लागि राज्यद्धारा विशेष व्यवस्था गरिने छ । | –आधारभुत गाँस, बास र कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा र मनोरन्जन स्थानीय सरकारले जिम्मा लिनेछ । बहिरा र दृष्टिविहीनका लागि जिल्लापिच्छे कम्तीमा एउटा विद्यालय खोलिनेछ । अन्तरप्रान्तीय र अन्तर गाउँ/नगरपालिकीय यातायातको प्रवन्ध गरिने छ । | स्थानीय सरकारमार्फत् मनोरन्जन स्थलको विकास गरिने छ । हरेक गाविसमा स्वास्थ्य चौकीको स्थापना गरिनेछ । वालश्रम शोषणको अन्त्य गर्नका लागि तथा सडक बालबालिकाका आवश्यकताहरु पुरा गर्ने प्रवन्ध मिलाइने छ,। | |

# २: अल्पसंख्यक वा सिमान्तकृत समुदायहरुको हक अधिकार

| विषयक्षेत्र | संविधानमा राख्ने | ऐनमा राख्ने | नीति नियममा राख्ने | कार्यक्रममा राख्ने |
|---|---|---|---|---|
| क, छुवाछुतको अन्त्य<br><br>ख, सिमान्तकृत समुह उत्थान<br><br>ग, भाषा संस्कृतिको जगेर्ना | जातीय विभेद र छुवाछुतको अन्त्य गरिने छ ।<br><br>सिमान्तकृत र अल्पसंख्यक जाती, जनजातिको उत्थानका लागि विशेषा प्रवन्ध गरिने छ । | जातीय विभेद र छुवाछुत गर्नेलाई कानुन बमोजिम सजया गरिने छ ।<br><br>सीमान्तकृत, दलित, मधेसी, आदिवासी र जनजातिको गाउँ/नगरपालिका र प्रान्तीय तहमा पहिचान गरी तद्अनुसारको विशेष सेवा दिने प्रवन्ध मिलाईने छ ।<br><br>बोक्सी, दाईजो, तिलक, देवदासी, एकलमहिलासंग सम्वद्ध सामाजिक कुरीतिहरुको अन्त्य गर्न राज्यद्धारा दण्डसहितको कडा नीति अपनाईने छ । | जातीय विभेद, छुवाछुत र कुरीति विरुद्ध स्थानीय सरकारले जनचेतना कार्यक्रम संचालन गर्नेछ ।<br><br>सिमान्तकृत, अल्पसंख्यक जात तथा धार्मिक समूहकाा लागि विशेष प्याकेजहरु ल्याईनेछ ।<br>भाषा, संस्कृति आदिको जगेर्ना गर्न, स्थानीय संघीय र केन्द्रीय सरकारमार्फत् विशेष कार्यहरु गरिने छ । | सिमान्तकृत समूहको सीप पहिचान गरी आयआर्जनका कार्यक्रमहरु सन्चालन गरिने छ। |

# ३. राज्यको पुनःसंरचना र राज्य शक्तिको बाँडफाँड

| विषयक्षेत्र | संविधानमा राख्ने | ऐनमा राख्ने | नीति नियममा राख्ने | कार्यक्रममा राख्ने |
|---|---|---|---|---|
| संघियता | बहुसूचकांकहरुको प्रयोग गरी प्रान्तीय संरचनाको निर्धारण गरिने छ । सूचांकको प्रयोग गर्दा जाति, भूगोल, संस्कृति, भाषा र आर्थिक समुन्नती र प्राकृतिक श्रोतको आधारमा भएका विद्यमान विभेदहरुको अन्त गरी सद्भाव र राष्ट्रिय अखण्डता बलियो बनाईने छ । मुद्रा, सेना, सुरक्षा, परराष्ट्र नीति, संकटकाल, राष्ट्रिय सन्धिसम्झौता, राष्ट्रिय राजमार्ग, ठुला विद्युत् गृह र खानेपानी, रेल्वे, हवाईजहाज, खनिजपदार्थ जस्ता स्रौत केन्द्रीय सरकारको अधिनमा हुनेछ । सरकारका तीनवटै अंगमा सिमान्तकृत समूहको प्रतिनिधित्व सुनिश्चित गरिने छ । व्यवस्थापिकाको निर्वाचन प्रणाली पुर्ण समानुपातिक हुनेछ । राज्यले विकेन्द्रीकरणको नीति लिने छ । राज्य बहुदलिय प्रतिष्पर्धामा आधारित पुर्ण लोकतान्त्रिक ढाँचाको हुने छ । शिक्षा, कृषि, पर्यटन, स्वास्थ्य, यातायात, साना जलसंम्पदा, भाषा, धर्म संस्कृति सुनिश्चितता गर्ने जिम्मेवारी प्रान्तीय सरकारको हुनेछ । | प्रान्तभित्रको राजश्व संकलन र स्रोत निर्धारणको अधिकार सम्वन्धित प्रान्तलाई नै हुनेछ । बैदेशिक लगायत विभिन्न स्रोतबाट प्राप्त आम्दानी एक-अर्का प्रान्त र केन्द्रमा बाँडफाँड गर्नै सहमतिजन्य नीति अवलम्वन गरिने छ । | सिमान्तकृत समूहलाई प्रतिनिधित्व गराउँदा आरक्षण/विशेषाधिकारको विशेष व्यवस्था गरिने छ । प्रत्येक प्रान्तले सावर्जजनिक लेखाप्रणाली अवलम्वन गर्ने छ । | |

## ४: व्यवस्थापकीय अंगको स्वरुप निर्धारण



| विषयक्षेत्र | संविधानमा राख्ने | ऐनमा राख्ने | नीति नियममा राख्ने | कार्यक्रममा राख्ने |
|---|---|---|---|---|
| क, व्यवस्थापकीय अंगको स्वरुप<br><br>ख, राष्ट्रिय सभाको निर्णय | व्यवस्थापकीय अंगकोस्वरुप निम्नप्रकारको हुनेछ :–<br>क, राष्ट्रिय / केन्द्रीय/ संघिय<br>ख, राज्य सभा/प्रान्तीय<br>हरेक संघमा प्रान्तीय राज्यसभा हुनेछ ।<br>प्रत्येक प्रान्तीय क्षेत्रबाट एक–एक जना प्रतिनिधि निर्वाचनको माध्यमबाट राज्य सभामा प्रतिनिधित्व गर्नेछन् ।<br>हरेक प्रान्तीय राज्य सभाबाट एकएक जना निर्वाचित प्रतिनिधी राष्ट्रिय सभा सदस्यका लागि पठाइनेछ ।<br>–राष्ट्रिय सभाका सदस्यहरुले विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने विज्ञहरुलाई मनोनित गर्नेछ ।<br>–राष्ट्रिय सभाका सदस्यहरुले केन्द्रीय सरकार र सरकार प्रमुख बनाउनेछन् । | व्यवस्थापिका तथा स्थानीय निकायमा सदस्य हुनका लागि न्यूनतम् शैक्षिक योग्यता तोकिने छ ।<br>स्थानीय, प्रान्तीय र केन्द्रीय सरकारमा दलित, जनजाती, मधेसी, मुस्लिम तथा अन्य अल्पसंख्यक समुदायको पुर्णसमानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ । | | |

## ५: राज्यको शासकिय स्वरुप



| विषयक्षेत्र | संविधानमा राख्ने | ऐनमा राख्ने | नीति नियममा राख्ने | कार्यक्रममा राख्ने |
|---|---|---|---|---|
| | – प्रधानमन्त्री वा राष्ट्रपति कसलाई केन्द्रीय कार्यकारी प्रमुख बनाउने भन्ने विषयमा दुई फरक मत आएकोले यो विषयमा राष्ट्रिय बहस चलाई टुंगो लगाउने ।<br>–संघीय सरकारमा प्रान्तिय/राज्य सरकारको प्रतिनिधि १जना, अल्पसंख्यकमध्येवाट १ जना र विज्ञहरुमध्ये बढीमा ३ जना सम्म मन्त्री बनाईनेछ ।<br>–प्रधानमन्त्रीले राष्ट्र र जनताको हित विपरित कार्यगरेको खण्डमा प्रत्यक्ष वा अप्रत्यक्ष निर्वाचन प्रणाली अपनाई जनताद्धारा निलम्वन गरिने छ ।<br>–केन्द्रीय सरकारको सिफारिसमा कार्यकारी प्रमुखले प्रान्तीय/संघीय सरकारलाई विघटन गर्न सक्नेछ ।<br>–स्थानीय सरकार २० देखि २५ जनाको हुनेछ । | राजनीति गर्ने व्यक्तिको निश्चित शैक्षिक योग्यता हुनुपर्नेछ ।<br>युवा मन्त्रालयको मन्त्री युवा नै राखिनुपर्नेछ । | | |

## ६: न्यायप्रणाली

| विषयक्षेत्र | संविधानमा राख्ने | ऐनमा राख्ने | नीति नियममा राख्ने | कार्यक्रममा राख्ने |
|---|---|---|---|---|
| न्यायिक संरचना | –केन्द्रमा एक सर्वोच्च अदालत हुनेछ , हरेक प्रान्त/राज्य संरकारमा १–१ उच्च अदालत हुनेछन्, र प्रत्येक स्थानीय तहमा स्थानीय अदालतहरु हुनेछन् ।<br>–केन्दिय सरकारले आवश्यकता अनुसार विशेष अदालत गठन गर्ने छ ।<br>–संवन्धित राज्य/प्रान्तको न्यायपरिषद्को सिफारिसमा राज्य सरकार तथा केन्द्रीय सरकारले न्यायाधीशहरुको नियूक्ति, बर्खास्त, सेवाशर्त आदिको प्रवन्ध गर्नेछ । | | | |

## ७: संवैधानिक निकायको संरचना

| विषयक्षेत्र | संविधानमा राख्ने | ऐनमा राख्ने | नीति नियममा राख्ने | कार्यक्रममा राख्ने |
|---|---|---|---|---|
| | –राजनैतिक हस्तक्षेप अन्त्य गरि हाल चालु रहेका संवैधानिक निकायहरुलाई अझ बढी प्रभावकारी बनाउन ठोस कदम चालिने छ ।<br>**–सूचना आयोग**लाई संवैधानिक निकायमा राखिने ।<br>– राष्ट्रिय योजना आयोग बाहेक संवैधानिक निकायमा नियूक्ति गर्दा राजनीतिक नियुक्ति गर्न पाईने छैन ।<br>–संवैधानिक निकायका पदहरु तीन महिनाभन्दा बढी रिक्त राख्न पाईने छैन | | संवैधानिक पदाधिकारीको नियूक्ति गर्दा योग्यता, अनुभव र दक्षताको आधार बनाईने छ ।<br>संवैधानिक निकायहरुलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाईनेछ ।<br>संवैधानिक निकायमा नियुक्तिगर्दा दलीय सहमतिको आधारमा गरिने छैन । | |

| | | | | |
|---|---|---|---|---|
| | ।<br>–संवैधानिक निकायको वार्षिक प्रतिवेदन ससद समक्ष पेश गरिनेछ । | | | |



## ८ः प्राकृतिक श्रोत, आर्थिक अधिकार, राजश्व बाँडफाँड

| विषयक्षेत्र | संविधानमा राख्ने | ऐनमा राख्ने | नीति नियममा राख्ने | कार्यक्रममा राख्ने |
|---|---|---|---|---|
| क, आर्थिक अधिकार<br><br><br><br><br><br><br><br>ख, राजश्व बाँडफाँड | –आर्थिक अधिकारलाई मौलिक अधिकारको रुपमा लिइनेछ ।<br>–जो कोहीलाई कानुनी रुपमा आर्थिक क्रियाकलाप गर्ने अधिकार रहनेछ । तर, सरकारले तोकेको न्यूनतम् भन्दा बढी सम्पत्ती भएमा करको लगाईने छ ।<br>–व्यक्तिले कुनैपनि अचल सम्पत्ती जोड्न चाहेमा आम्दानीको श्रोत | – प्रान्तिय सरकारले गरेको सम्पुर्ण आर्थिक कारोवाहरुका बारेमा वार्षिक रुपमा केन्द्रीय सरकारलाई जानकारी गराउनुपर्नेछ ।<br><br>–कुनैपनि संघीय राज्यभित्र संकलित कर राजश्व आम्दानीमध्ये २५ प्रतिशत केन्द्रीय सरकारलाई तथा ७५ प्रतिशत सोही राज्यले उपयोग गर्नेछ ।<br>जलविद्युत् शक्तिलाई स्थानीय, प्रान्तीय र केन्द्रीय स्तरमा विकसित गरी एकअर्कासंग आवद्ध गरिनेछ । | –प्राकृतिक स्रोतबाट प्राप्त आम्दानी केन्द्रीय सरकारले उठाएर राज्यहरुको समान विकासका लागि बाँडफाँड गर्नेछ । –प्रान्तीय सरकारले संकलन गरेको राजश्व पारदर्शी ढंगले स्थानीय स्तरका विकास निर्माणमा लगाउने छ ।<br>–बैदेशिक अनुदान रकमहरु विकास निर्माणका प्रकृतिहेरी केन्द्रीय सरकारले प्रान्तिय सरकारलाई अनुदान दिनेछ ।<br>हिमाली तथा पहाडी जिल्लामा | |

| | | | | |
|---|---|---|---|---|
| | खुलाउनुपर्नेछ । प्रान्तीय सरकारको आर्थिक स्रोत, प्राकृतिक स्रोत र राजश्व बाँडफाँडको विषयमा केन्द्रयि सरकारले अनुगमन गर्नेछ । | | विद्युतीय यातायातको व्यवस्था मिलाईने छ । | |



## ९: विविध

| विषयक्षेत्र | संविधानमा राख्ने | ऐनमा राख्ने | नीति नियममा राख्ने | कार्यक्रममा राख्ने |
|---|---|---|---|---|
| | –संकटकालको अवस्था थपघट गर्नुपरेमा राष्ट्रिय सहमति जुटाउनुपर्नेछ ।<br>–राज्यले असंलग्न परराष्ट्र नीति लिनेछ । | कम खर्चिलो ढंगले राष्ट्रिय सहमति खोज्न आमसंचारका साधनहरुको प्रयोग गरिने छ । | तराईका जातजातीहरुलाई स्पष्टरुपमा परिभाषित गरी वर्गीकरण गरिनेछ । | |